व्यास नगरकार्यपालिकाको २०३ औं बैठक आज मिति २०८१/९/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री सूर्यकान्त काफ्ले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/९/७ को कार्यपालिका बैठकको निर्णय सम्बन्धमा ।
प्रस्ताव नं.२: ४२ औं नगर सभामा पेश गरिने संशोधित आर्थिक विधेयक, विनियोजन विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.३: ४२ औं नगर सभामा पेश गरिने संशोधित विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.४: ४२ औं नगर सभामा पेश गरिने संशोधित बजेट कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.५: खुला महिला हाफ म्याराथनको मूल समारोह समिति सम्बन्धमा ।
प्रस्ताव नं.६: आ.व.२०८१/०८२ को लागत सहभागिताका योजनाहरु छनौट सम्बन्धमा ।
प्रस्ताव नं.७: मानुङकोटको खानेपानी योजना सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.८: छाब्दी बाराही आधारभूत विद्यालयबाट जग्गा लिने सम्बन्धमा ।
प्रस्ताव नं.९: वित्तीय सुशासन जोखिम मूल्याङ्कन र संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।
प्रस्ताव नं.१०: शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.११: शिक्षक दरबन्दी कायम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: दमौली खानेपानी तथा सरसफाई समितिको रुख हटाउने अनुरोध सम्बन्धमा ।
प्रस्ताव नं.१३: विभिन्न क्रमागत योजनाहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१४: खाजा तथा खानाको भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: किसान सूचीकरण सहजकर्ता (गणक) नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.१६: सेवा करारमा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१७: सरसफाई/चौकीदार थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: आगामी आ.व.२०८२/०८३ का लागि आय-व्यय प्रक्षेपण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: ऐलानी जग्गा परम्परादेखि भोगको सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.२०: सटरभाडा सुचना प्रकाशन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/०९/७ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी २०८१/९/२६ गते हुने ४२ औं नगर सभामा पेश गरिने आर्थिक विधेयक २०८१, विनियोजन विधेयक २०८१ को लागि बैठकमा प्राप्त सुझावहरु समेतको संशोधन प्रस्ताव पेश गर्न राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नगर सभामा पेश गरिने संशोधित अन्य विषयगत विधेयक पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा ४१ औं नगर सभाबाट आ.व.२०८१/०८२ का लागि पारित रू.२,१७,२९,४३,०००। (अक्षेरुपी दुई अरब सत्र करोड उनन्तीस लाख त्रिचालीस हजार) को बजेट कार्यक्रममा प्राप्त सुझावहरु समेटी संशोधित रू.२,१०,३५,४३,०००। (दुई अरब दश करोड पैंतीस लाख त्रिचालीस हजार) बजेट कार्यक्रम एवं आय-व्यय प्रस्ताव पेश गर्न बजेट तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुंदा आगामी माघ १६ गते शहिद दिवसका दिन व्यास ३ व्यास गुफाबाट व्यास ११ तनहुँसुर दरबारसम्मको खुला महिला हाफ म्याराथन प्रतियोगीता सञ्चालन गर्ने गरी उपप्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुंदा आ.व. २०८१/०८२ को लागत सहभागीताका योजनाहरु सम्बन्धित वडाहरुको सिफारिसमा प्रति वडा रू.१५,००,०००। (अक्षेरुपी पन्ध्र लाख) का दरले प्रति वडा अधिकतम् ३ वटा न्यूनतम रू.५,००,०००, (अक्षेरुपी पाँच लाख) विनियोजन गर्ने गरी कुल ३२ योजनाहरुको निर्णय गरियो । शहरी वडाले २५%, अर्थ शहरी वडाहरुले २०% र ग्रामिण वडाहरुले १५% लागत सहभागिता नगदै दाखिला गरी योजना सम्झौता गर्न २०८१ माघ १० गतेसम्मको समय प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | वडा | कुल लागत | न.पा. तर्फ | उपभोक्ता लागत | लागत प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | भादगाउँ टोल अर्न्तगत पर्ने नमूना मार्ग पि.सि.सि. ढलान | १ | १०,००,०००। | ७,५०,०००। | २,५०,०००। | २५ |
| २ | धुपखोला टोल टोलको ठूलो पंधेरादेखि भुङभुडे मार्गमा स्ल्याव सहितको पक्की नाला निर्माण | १ | ५,००,०००। | ३,७५,०००। | १,२५,०००। | २५ |
| ३ | मालेबगर मगर समाज भवनमा जिप्सन सहित कोठा व्यवस्थापन | २ | ५,००,०००। | ३,७५,०००। | १,२५,०००। | २५ |
| ४ | बाल मन्दिर मा.वि.को सभा हलसँगै कोठा थप तथा ट्रस निर्माण | २ | ५,००,०००। | ३,७५,०००। | १,२५,०००। | २५ |
| ५ | तनहुँसुर भिमसेन धर्मगुठीमा कम्पाउण्डवाल सहित भवन व्यवस्थापन | २ | ५,००,०००। | ३,७५,०००। | १,२५,०००। | २५ |
| ६ | दुर्गा मन्दिर संरक्षण | ३ | १५,००,०००। | ११,२५,०००। | ३,७५,०००। | २५ |
| ७ | विरता टोल अर्न्तगत विभिन्न मार्ग कालोपत्रे (२० फूटे रिङरोड) | ४ | १५,००,०००। | ११,२५,०००। | ३,७५,०००। | २५ |
| ८ | कन्टार चापाघाट खानेपानी भवन अगाडि वाल तथा जाली लगाउने कार्य | ५ | १५,००,०००। | १२,००,०००। | ३००,०००। | २० |
| ९ | शेषटार नेवागुठी भवन निर्माण | ६ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १० | इन्दु मा.वि बाल उद्यान (चिल्ड्रेन पार्क) निं. | ६ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| ११ | महेन्द्र ज्योति मा.वि. बाल उद्यान (चिल्ड्रेन पार्क) निमार्ण | ६ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १२ | पाताल मगर समाज सत्रसयको भवन निर्माण | ७ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १३ | सेरा परियार सेवा समाज शेराको भवन निर्माण | ७ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १४ | सिद्धमहर कूल मन्दिर भवन निर्माण र शेरा प्रतिभा आमा समुह भवन निर्माण | ७ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १५ | गैरी खेत कुलो निर्माण | ८ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १६ | स्कुल घरदेखि खड्कादेवी मन्दिर जाने मोटर बाटो स्तरीकरण | ८ | १०,००,०००। | ८,५०,०००। | १,५०,०००। | १५ |
| १७ | ॐसिद्धेश्वरी राजापानी महादेव मन्दिर स्तरोन्नति | ९ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| १८ | सामुदायिक भवन र सिंढी निर्माण (मेवावारी सिम्लेटोल) | ९ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | अधुरो सामुदायी भवन निर्माण ( झिनुवाटार टोल) | ९ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| २० | कोटीहोम पक्की नाला निर्माण | १० | ५,००,०००। | ४,००,०००। | १,००,०००। | २० |
| २१ | दुम्सी तल्लो अधुरो सामुदायिक भवन निर्माण | १० | ५,००,०००। | ४,००,०००। | १,००,०००। | २० |
| २२ | दुम्सीकोट बहुउद्देश्यीय अधुरो सामुदायिक भवन निर्माण | १० | ५,००,०००। | ४,००,०००। | १,००,०००। | २० |
| २३ | जनकल्याण आधारभुत विद्यालयमा शौचालय निर्माण | ११ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| २४ | चिसापानी जलेश्वर महादेव मन्दिर निर्माण | ११ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| २५ | बागेचौर अधूरो सामुदायिक भवन सम्पन्न गर्ने | ११ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| २६ | रैकर आमा समुह भवन निर्माण | १२ | ७,००,०००। | ५,९५,०००। | १,०५,०००। | १५ |
| २७ | सिमलश्वांरा खानेपानी तथा सरसफाई योजना | १२ | ८,००,०००। | ६,८०,०००। | १,२०,०००। | १५ |
| २८ | तारखोला बगरखेत संरक्षण योजना | १३ | ५,८०,०००। | ४,९३,०००। | ८७,०००। | १५ |
| २९ | वेनीकोट भञ्ज्याङ झाक्रीथान पर्यटन मोटर मार्ग | १३ | ९,२०,०००। | ७,८२,०००। | १,३८,०००। | १५ |
| ३० | रुम्सी मौलाथान मन्दिर तथा पार्क निर्माण | १४ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| ३१ | केशवटार मगर गुठ अधुरो भवन निर्माण | १४ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| ३२ | कुलुङ खानेपानी प्लानिङ अर्न्तगत टंकी मर्मत र पानी तान्ने पम्प जडान | १४ | ५,००,०००। | ४,२५,०००। | ७५,०००। | १५ |
| | जम्मा | | २,१०,००,०००। | १७,१००,०००। | ३९,००,०००। | |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानुङकोट खानेपानी योजना सम्बन्धमा उच्च अदालत पोखराको निर्देशनात्मक फैसला अनुसार स्थानीयको परम्परागत खानेपानीको निरन्तरता हुने गरी योजनाको थप काम अघि बढाउन सम्बन्धित निर्माण व्यवसायीलाई र समन्वय गर्न योजना तथा शहरी पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ निवासी श्री थानबहादुर थापाले आफ्नो नाममा रहेको व्यास नगरपालिका वडा नं.१२ स्थित साविक कर्लुङ्ग गा.पं. वडा नं.५ (क) कि.नं. १२० को क्षेत्रफल ०-८-०-० जग्गा व्यास १२ स्थित छाब्दी बाराही आधारभूत विद्यालयको आवश्यकता अनुसार दान दिनु भएकाले उक्त जग्गा पारित गरिदिन र उक्त विद्यालय सामुदायिक हुँदा रजिष्ट्रेशन दस्तुर मिनाहा गरिदिनु मालपोत कार्यालय, तनहुँलाई अनुरोध गरी विद्यालयका तर्फबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री इन्द्रप्रसाद कंडेलाई प्रतिनिधि तोक्ने समेत निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी मूल्याङ्कन प्रस्ताव र यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यपालिका बैठकमा पेश हुन आएकोले उक्त मूल्याङ्कन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास १२ स्थित छाब्दी बाराही आधारभूत विद्यालयमा काजमा कार्यरत नि.मा.वि. शिक्षक श्री प्रताव गैह्रेलाई व्यास ११ स्थित श्री अमरसिंह मा.वि.मा काज फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास १२ अमरसिंह मा.वि.मा रिक्त नि.मा.वि. दरबन्दी व्यास १२ स्थित छाब्दी बाराही मा.वि.मा कायम गरी गणित विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास ४ मादी नदी किनारस्थित दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको संरचना नजिक रहेका २ वटा सिमलका रुखले खानेपानीको संरचनामा असर गर्न सक्ने देखिंदा उक्त २ सिमलका रुखहरु हटाई जिल्ला वन कार्यालय तनहुँलाई जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा उपभोक्ता समितिबाट सञ्चालित सम्पूर्ण क्रमागत योजनाहरु तथा तपशिलमा उल्लेखित ठेक्का मार्फत सञ्चालित योजनाहरुको म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा मिति २०८२/३/१५ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा |
|---|---|---|
| १ | मानहुँकोट सिद्धाबाबा मन्दिर निर्माण समेत | ५ |
| २ | देवीडाँडा खानेपानी योजना (संघ विशेष) | १० |
| ३ | कमेरेखोला साँध खोला खानेपानी योजना | १३ |
| ४ | कार्यालयको नयां भवनमा तल्ला थप योजना | ३ |
| ५ | मानहुँडाँडा लिफ्टिङ खानेपानी योजना | ५ |
| ६ | खड्गकाली मार्ग स्तरीकरण | ११ |
| ७ | केशवटार लिफ्ट खानेपानी योजना (गजौडी मूल) सशर्त | १४ |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयबाट आ.व. २०८१/०८२ मा लगाइने घाट ठेक्काहरु विभिन्न मितिमा टेण्डर गर्दा समेत हालसम्म ठेक्का लाग्न नसकी कार्यालयबाट अमानतमा कर्मचारी खटाई ढुङ्गा, गिट्टी, बालुवाको कानुन बमोजिम लाग्ने शुल्क उठाउने निर्णय भई उक्त कार्यका लागि बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजेसम्म खटिनुपर्ने भएकाले सो कार्यमा खटिने तथा अनुगमन गर्ने कर्मचारीलाई दैनिक रकम रू.१,०००। (अक्षेरुपी एक हजार) का दरले खाजा तथा खाना खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस आ.व.मा कृषि तर्फको सङ्घीय सशर्त अनुदान अन्तर्गतको किसान सूचीकरण कार्यक्रमको लागि रू.२,००,०००। (अक्षेरुपी दुई लाख) बजेट प्राप्त भएकाले नयाँ किसान सूचीकरण सहजकर्ता (गणक) नियुक्ति तथा व्यवस्थापन गरी उक्त कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेटबाट अपुग हुने देखिएकाले २०८१ पुस १८ गतेको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको निर्णय बमोजिम आ.व.२०८०/८१ मा छनौट भई कामकाज गरेका सहजकर्ता मध्येबाट उत्कृष्ट काम गरेका तथा यस आ.व.मा पनि कार्यक्रममा सहभागी हुन इच्छुक भई छनौट भएका तपसिलका सहजकर्ताहरूलाई नियुक्ति गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम | ठेगाना | सम्पर्क नं | किसान सूचीकरण प्रणालीमा प्रविष्ट गरेको हाल सम्मको पूर्ण तथ्याङ्क संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोशिना सुवेदी | व्यास-१३ | ९८२६२३४८४२ | ६७२ | |
| २ | संगिता दुलाल | व्यास-१३ | ९८०४१४४०९९ | ८६१ | |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०८१ पौष मसान्तमा समाप्त भएकोले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी

२०८२ आषाढ मसान्तसम्मको लागि साविक कै सेवा सुविधा र शर्त बमोजिम हुने गरी सम्पूर्ण सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा रहेका सरसफाई तर्फ कार्यरत कुचिकार श्री विरेन्द्रबहादुर दरैले सेवामा रही काम गर्न नसक्ने भनी राजिनामा पेश भई मिति २०८१/९/१ गतेदेखि लागू हुने निजले पेश गरेको राजिनामा स्वीकृत भएको हुँदा भइरहेको मौजूदा कर्मचारीहरुबाट दैनिक रुपमा सरसफाइलाई व्यवस्थापन गर्न आवश्यक पर्ने हुँदा व्यास ५ निवासी श्री बसन्त बोटेलाई कुचीकार पदमा कामकाजमा लगाउने र व्यास नगरपालिकाको नाममा हस्तान्तरित जिल्ला सभामा कामकाज गर्दै आउनु भएका व्यास १३ निवासी बिन्दु मल्ल र व्यास १४ निवासी सोमबहादुर थापालाई नगरपालिकाको सरसफाई समेत काम गर्ने गरी चौकीदार पदमा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय तनहुँको आगामी आ.व. २०८२/०८३ का लागि गरिएको आय तथा व्यय प्रक्षेपण संघीय अर्थ मन्त्रालय सिंहदरबार काठमाण्डौं पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ चारकुने टोलस्थित आधारभुत स्वास्थ्य केन्द्रदेखि दक्षिण तर्फको ऐलानी/प्रति जग्गामा राधाकृष्ण धाम निर्माण गर्न ०-४-०-० जग्गा उपलब्ध गराईदिन व्यास नगरपालिका १ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त ऐलानी/प्रति जग्गा परम्परागत रुपमा राधाकृष्ण मन्दिर निर्माण भई भोगचलनमा रही आएको व्यहोरा प्रमाणित गरी सम्बन्धित निकायलाई सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा राजश्व परामर्श समिति मिति २०८१/९/१९ गतेको सिफारिस बमोजिम तपसिलमा उल्लेखित सटर २०% भाडा रकम कम गरी पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क.सं. | सटर नं. | हालको न्यूनतम भाडा दर | २० प्रतिशत कम | कैफियत |
|---|---|---|---|---|
| १. | १०२ | ३५,२२७/५० | २८,१८२/- | |

***